# २०६२ असोज ८ गते पाल्पा जिल्ला बहादुरपुर गाविस वार्ड नं. १, ७ र ९ को दोकान टोलमा भएको घटना विवरण

**सारांश**

बहादुरपुर गाविस-७, दोकानटोल वार्ड नं ९ र वार्ड नं १ मा २०६२ असोज ८ गते शनिबारका दिन दिउँसो १:२० बजे चारैतर्फबाट गाउँलाई नै घेरा हाली लगातार एक पक्षीय रुपमा गरिएको अन्धाधुन्ध गोली प्रहारबाट रोल्पा कोर्चावाङ्गका ३८ वर्षीय विलय भनिने देविबहादुर पुन, पाल्पा तानसेन नपा-१२ का ५६ वर्षीय रामप्रसाद घिमिरे, गुल्मी रुरु गाविसका १९ वर्षीय अर्जुन विक, बहादुरपुर गाविस-९ का १७ वर्षीय धारादेवी मा.वि.मा कक्षा ९ मा अध्ययनरत विद्यार्थी मिलन रखाल र थप १ जना नाम खुल्न नसकेका व्यक्तिको मृत्यु भयो । वार्ड नं ७ निवासी मेतबहादुर ढेंगाकी छोरी ७ वर्षीय पुनम ढेगा दाहिने आँखा र कानको बीचमा गोली लागी गम्भिर घाइते भइन । टोपबहादुर ढेगाको ३ वर्षीय छोरा विपिन ढेगा दाहिने कोखामा गोली लागी घाइते भए । घाइते मध्ये विपिन ढेगालाई सेनाद्वारा तत्काल दुई हजार भारतीय रुपैया प्रदान गरी छाडिएको पाइयो भने गम्भीर घाइते पुनम ढेगालाई सेनाद्वारा नै उपचारका लागी लगिएको थाहा हुन आयो ।

विद्रोही माओवादीतर्फ भएका घाइतेहरुमा २२ वर्षीय विस्फोटको देब्रे घुँडा मुनि २ , १९ वर्षीय सुमनको दाहिने साप्रामा ३ र १९ वर्षीय अटलको टाउकोमा एक गोली लागेको थाहा भयो । साथै वालविकास निम्न माध्यमिक विद्यालयको छात्रावासमा बस्दै आएका शिक्षक ३४ वर्षीय मनोहर ज्ञवाली, ३६ वर्षीय रामबाबु कुशहवा र धारा देवि मा.वि. का शिक्षक ४० वर्षीय रामप्रसाद भुसाललाई घोप्टो पारी घुँडाले भुईमा टेक्न लगाई लात्तीले हानी यातना दिइएको पाइयो ।

स्थानीय युवाहरु वार्ड ७ का २५ वर्षीय घनबहादुर ढेगा, वार्ड नं १ का २४ वर्षीय मिनबहादुर रासकोटी मगर , वार्ड नं १ कै २५ वर्षीय दिलबहादुर भ्रेडी र वार्ड नं ९ का २८ वर्षीय जयबहादुर रानालाई पनि लात्तीले हान्दै, घुँडा टेकाई घण्टौं यातना दिइएको थियो । उनीहरुलाई खाल्टो खन्न लगाएर मारिएकाहरुको लाश राखी २ मिनेटमा नपुरे गोली हान्ने धम्की दिएर त्रसित तुल्याइएको थियो । साथै पीडित युवाहरुले लगाएको चप्पल, शिक्षकको कोठामा रहेको एकथान डिजिटल रेडियो, एउटा छाता, दुई प्याकेट ब्लेड समेत खोजतलास पछिको समयमा हराएको पाइयो ।

बहादुरपुर गविस वार्ड नं ९, रामपुर किसानबारी निवासी ७६ वर्षीय नगेन्द्र भट्टराई, चितवनका ५२ वर्षीय सुदर्शन पौडेल र उनकी श्रीमती ३८ वर्षीय शारदा पौडेल, पाल्पा कुशङखोलाका २८ वर्षीय यादव राउत र अर्गेली गाविस वार्ड नं ३ का १२ वर्षीय अनुप विष्टलाई गिरफ्तार गरी हात पछाडि बाँधेर लगिएको पाइयो ।

त्यस वखत चलाइएको गोली वार्ड नं १ का कृष्णबहादुर भ्रेडीको भैंसीको अगाडिका दुवै खुट्टामा लागेको थाहा हुन आयो । वार्ड नं ७ का दिलबहादुर थापाको नयाँ क्यामरा सुरक्षाफौजले लगी फिर्ता नगरेको समेत बताइयो । मारिएकाहरु मध्ये ४ जनाको लाश विद्यालयदेखि ५० मिटर पर सुवेदार जसवीर थापाको घरमा रहेको मेडिकल पसलको पछाडि बलेसीमा गाडीएको र अरु त्यसै छाडी हिंडेको पाइयो ।

नेकपा (माओवादी)का कार्यकर्ताहरु युद्धविरामको समय भएकाले कुनै आक्रमण होला भन्ने सोच नराखी केही दिनका लागि यत्रतत्र छरिएर रहेको बताइयो । बैठक शुरु हुनुभन्दा अघि उनीहरु पसल, विद्यालय, बाटोमा बसेका थिए भन्ने पनि थाहा हुन आयो ।

माओवादीको भेला हुने सूचना पाए पश्चात् सुरक्षाकर्मीहरुले पाल्पा व्यारेकका तर्फबाट बाँसटारी भ्रडेवा र बुटवलका तर्फबाट गोठादी हुँदै रहबासमा जम्मा भइ आक्रमण गरेका थिए । त्यस वखत बन्दोबस्तीका सामान रहेका भोलाहरु त्यहीं छाडी हतियार मात्र बोकी घेरा हालिएको थियो । सेनाले गिरफ्तार वा नियन्त्रणमा लिने अन्य कुनै उपाय नअपनाई विना चेतावनी जथाभावि आक्रमण गरेर नेपाल अधिराज्यको संविधान अन्तर्गत निर्धारित न्यूनतम मापदण्ड र जेनेभा महासन्धीको साभा धारा ३ को उल्लंघन गरेको छ ।

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**२०६२ कार्तिक १ गते, काठमाडौं**

# Summary

Taking account of the circumstantial evidences obtained from the interviews with local people as well as alleged officials and the field observation the fact finding team of HRTMCC has come to a conclusion that Devi Bahadur Pun, (38), Ram Prasad Ghimire, (56), Arjun B.K., (19), Milan Rakhal,(17), and an unidentified person were killed in firing by the security force after encircling them on 24 September 2005 at Bahadurpur VDC-7, Palpa. During the firing a seven year old girl Punam Dhenga and three year old boy Bipin Dhenga were also injured.

During the operation teachers from nearby schools Manohar Gnyawali, Rambabu Kushawaha and Ram Prasad Bhusal were tortured and kicked off by the security persons. Local residents Min Bahadur Raskoti Magar and Dil Bahadur Jhendi were also inflicted severe torture by the security force. The security personnel forced them to dig the ditch and threatened to shoot them dead if they don't burry the corpse. A radio transistor, an umbrella and two packets of shaving blades were taken away by the security personnel from the room of the school teachers.

The force took Nagendra Bhattarai, (76), Sudarshan Paudel, (52), and his wife Sarada, Yadav Raut, (28), and Anup Bista, (12), tying their hands on the back.

The firing was so arbitrary that a buffalo also was hit with a bullet in the icident. At the moment of attack by the security forces the victims were unarmed and they could have been in control without casualty.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC, 18 October 2005**

## पृष्ठभूमि

नेकपा माओवादीले २०६२ भदौ १८ गते एकतर्फी रुपमा ३ महिनाका लागि युद्धविराम गरेपछिको परिवेशमा पाल्पाको बहादुरपुरमा सुरक्षा फौजले २०६२ असोज ८ गते खाना खाइरहेको अवस्थामा नेकपा (माओवादी) का ५ जना कार्यकर्ताहरुको हत्या गऱ्यो । त्यसक्रममा एकजना सर्वसाधारण विद्यार्थीको समेत हत्या गरियो । सरकारले युद्धविरामप्रति कुनै सकारात्मक प्रतिक्रिया नदेखाएको अवस्थामा यस्ता घटनाहरु हुनुले सरकार शान्ति प्रकृयाको थालनीप्रति जिम्मेवार नदेखिएको र हिंसालाई थप भड्काउन उद्यत रहेको प्रष्ट हुन्छ । उल्लेखित घटनामा माओवादी कार्यकर्ताहरुलाई नियन्त्रणमा लिएर पक्राउ गरी कार्वाही गर्न सक्ने आधार रहँदा रहँदै पनि निशस्त्र अवस्थामा रहेका माओवादी कार्यकर्तालाई गोली चलाइ मारिएको देखिन्छ । सुरक्षाफौजले घेरा हाल्नासाथै सर्वसाधारण स्थानीय वासिन्दाको समेत ख्याल नगरी अन्धाधुन्ध गोली चलाएको देखियो। स्थानीय बासिन्दाका अनुसार घटनाका प्रत्यक्षदर्शी सबैलाई गोली चलाइ मार्ने र आतंकित बनाउने मनशाय राखिएको देखिन्थ्यो । घटनामा १८ वर्षीय सर्वसाधारणको समेत मृत्यु हुनुले पनि यसतर्फ संकेत गर्दछ । पक्राउ गरिएका पाँच जना माओवादी कार्यकर्ताहरुलाई अमानवीय व्यवहार गर्नुका साथै परिवार र आफन्तसँग भेटघाट गर्न समेत दिइएको छैन ।

बहादुरपुर पाल्पाको घटनाका सम्बन्धमा जानकारी पाएपछि सत्य तथ्य पत्ता लगाउनकालागि मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट ७ जनाको टोली असोज ११ गते काठमाण्डौबाट घटनास्थलतर्फ प्रस्थान गऱ्यो । असोज १२ गते टोलीले घटनास्थलको अवलोकनका साथै घटनाको विवरण संकलन गर्ने क्रममा पीडित परिवारका आफन्त, स्थानीय सर्वसाधारण, प्रत्यक्षदर्शी, पत्रकार, प्रहरी नायव उपरिक्षक, प्रमुख सेनानी र स्थानीय विधालयका शिक्षकहरुलाई भेट्यो।

## घटना विवरण

पाल्पा जिल्ला वाहादुरपुर गाविस वार्ड नं १, ७ र ९ अन्तर्गत पर्ने दोकान टोल र ठेकेदार टोलमा ०६२ असोज ८ गते सेनाद्वारा एकतर्फी रुपमा चलाइएको गोलीबाट निशस्त्र अवस्थामा रहेका पाँच जना माओवादी कार्यकर्ताको तत्कालै ज्यान गयो । घटनामा एकजना सर्वसाधारणको मृत्यु भयो । सोही घटनामा एक १२ वर्षीय बालक सहित ५ जनालाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय बुटवल पुऱ्याइयो ।

घटनास्थलको अनुगमन र स्थानीय बासिन्दाको भनाइका आधारमा घटना अगाडि नै अंग्रजी वर्णमालाको सी आकारमा गाउँलाई घेरा हाली सेनाद्वारा विना चेतावनी अन्धाधुन्ध गोली चलाइएको बुझिन आयो ।



**सुरक्षाकर्मीको गोली प्रहारबाट मारिएका सर्वसाधारण १७ वर्षीय मिलन रखाल**

यस विषयमा टोलीले जिल्ला प्रहरी कार्यालयका नायव उपरीक्षक उत्तम सुवेदी र जिल्लाका सेना प्रमुख मेजर पुष्प वलीसँग बुझ्ने प्रयास गऱ्यो । केही औपचारिक कुराकानी बाहेक दुवैद्वारा बाहिनीलाई धेरै थाहा हुने र त्यो कारवाही २२ नं बाहिनी बुटवलको कमाण्डमा सञ्चालन भएको बताइयो ।

घटनाका विषयमा बुटवलस्थित २२ नं बाहिनीका बाहिनीपति जर्नेल नरेन्द्र रावललाई भेट्न प्रयास गरियो । तर जर्नेल रावलद्वारा सेनानी अरुण पालसँग भेट्न भनियो । सेनानी अरुण पालले घटना नियमित गस्ती रहेको अवस्थामा भएको र पहिलो फायर विद्रोही पक्षबाट गरिएको दावी गर्नु भयो । तर  घटनास्थलको अनुगमन र प्रत्यक्षदर्शी स्थानीय बासिन्दाको भनाइका आधारमा उहाँको भनाइमा सत्यता नभएको बुझिन्छ ।

त्यस क्षेत्रमा उपलब्ध विद्रोही पक्ष र गिरफ्तार विद्रोहीहरुको स्थानीय बासिन्दाका भनाइ नै सत्य हो भन्ने दावी रहेको देखिन्छ । यस क्षेत्रमा युद्धविरामलाई कसरी सफल बनाउने भन्ने विषयमा राजनीतिक प्रशिक्षण कार्यक्रम भइरहेको र त्यहाँ कुनै हतियारधारी विद्रोही नरहेको कार्यकर्ता मात्र रहेको उनीहरुले बताए । यस घटनाबाट सेनाले केही सकेट बम, झोला र विलय भनी चिनिने देवीबहादुर पुनसँगबाट केही रकम बरामद भएको बताइएको छ ।

घटनामा सेनाको गोलीबाट घाइते भएका दुई बालबालिका मध्ये तीन वर्षीय विपिन ढकालको दायाँ कोखामा गोली लागेको र उनलाई उपचारका लागि सेनाले तत्काल दुई हजार भारतीय रुपैयाँ प्रदान गरेको थाहा हुन आयो । अर्की बालिका ७ वर्षीय पुनम ढेंगाको दायाँ आँखा र कानको बीचमा गोली लागेको थियो । उनलाई सेनाले नै लिएर गएको स्थानीय बासिन्दाले जानकारी गराए । यस बारेमा सेनासँग बुझ्दा बालिकालाई सैनिक अस्पताल छाउनीले शिक्षण अस्पताल महाराजगञ्जमा पठाइएको जानकारी दिइयो । उनको उपचार खर्चको सम्पूर्ण व्यवस्था गृह मन्त्रालयद्वारा गरिने समेत जानकारी गराइयो ।

**उत्तम सुवेदी (प्रहरी नायव उपरीक्षक, पाल्पा)**

नियमित गस्तीमा रहेको सुरक्षाफौजको टोली बहादुरपुर गाविसमा पुग्दा सुरक्षाफौजलाई लक्षित गरी आक्रमण गरिएको हुनाले प्रत्याक्रमण गरिएको हो । प्रत्याक्रमणका क्रममा केहीको मृत्यु हुन गयो । केहीलाई गिरफ्तार गरी हाल कानुनी कारवाही जारी राखिएको छ । पहिलो आक्रमण विद्रोही पक्षबाट भएको हुनाले पत्रपत्रिकामा आएको एकोहोरो आक्रमण भन्ने समाचार असत्य हो । त्यस क्रममा मृत्यु भएका सबै माओवादी नै हुन । कारवाहीका क्रममा ५ जनालाई गिरफ्तार गरी पुनरावेदन अदालत बुटवलमा मुद्दा दायर गरिएको छ । घाइते बालिकाको काठमाडौंमा उपचार जारी रहेको छ । अनुसन्धानबाट अरु केही प्राप्त भएपछि जानकारी उपलब्ध गराउने छु । त्यस घटनामा मारिने एक जना निर्दोष हो कि होइन बुझ्न बाँकी छ । यदि हो भने पीडितलाई उच्चतम हिसाबमा क्षतिपूर्ति उपलब्ध गराउन जि. प्र. का. को सहयोग हुनेछ ।

**अरुण पाल (प्रमुख सेनानी, २२ नं बाहिनी अड्डा, वुटवल)**

युद्धविरामको घोषणा गरे पनि माओवादी आतकंकारीले आफ्ना क्रियाकलापहरु नरोकेका  हुनाले हाम्रो शाही सेना पुरानै स्थितिमा परिचालित छ । यसै क्रममा नियमित कामका रुपमा सुरक्षा गस्ती पाल्पाको रहबास हुँदै बहादुरपुमा पुगेको थियो । भविष्यमा सुरक्षालाई व्यवस्थित गर्नका लागि उचित ठाउँ खोज्ने सिलसिलामा त्यस ठाँउमा पुग्नासाथ विद्रोही पक्षबाट अमेरिकन पेस्तोलबाट २ राउण्ड फायर भयो । त्यसपछि सुरक्षाफौजले चेतवनी दिँदादिँदै पनि उनीहरु सकेट बम हानी भाग्न खोजेको हुँदा हाम्रो पक्षबाट पनि फायर खोलियो । त्यस क्रममा ६ जना आतंककारीको मृत्यु भयो । पाँच जना आतंककारीलाई गिरफ्तार समेत गरिएको छ । गिरफ्तार हुनेमा १२ वर्षीय अनुप विष्ट पनि रहेको छ । मारिएकाहरु सबैलाई दौड्दै गरेको अवस्थामा गोली हानिएको थियो । घाइतेलाई काठमाडौं स्थित वीरेन्द्र सैनिक अस्पतालबाट शिक्षण अस्पताल, महाराजगंजमा सिफारिश गरिएको छ । त्यस घाइते बालिकाको उपचार खर्च गृहमन्त्रालयले व्यहोर्ने छ । साथै पीडितका लागि चाहिने सम्पूर्ण सहयोग हाम्रो पक्षबाट हुन्छ । गिरफ्तार हुनेहरुलाई प्रमाणसहित पक्राउ गरिएको हो । त्यसपछि सम्पूर्ण गाउँ खानतलासी गरियो । गत २०६१ मंसिर १ गते हाम्रो कार्यालय बाहिनीमा परिणत भए देखि हालसम्म कुनै पनि तरिकाले मानव अधिकारको उल्लंघन

गरिएको छैन । सो घटनामा हाम्रो फौजले १२ बोरको बन्दुक २ वटा, त्यसको गोली ३१ वटा, अमेरिकन पेस्तोल १, ६ राउण्डवाल पेस्तोल १, भरुवा बन्दुक ३ थान तथा ११०००।- (एघार हजार) भारतीय रुपैंया समेत बरामद गरेको थियो ।

**पुष्प वली (सेनानी, रणसार्दुल गुल्म, पाल्पा)**

नियमित गस्तिमा गएको टोलीमाथि फायर भयो । हाम्रो पक्षबाट पनि फायर खोलियो । त्यस क्रममा ६ जना मारिए । सर्वसाधरण परेको बारेमा हामीलाई थाहा छैन यदि हो भने क्षतिपूर्ति दिलाउने काम हुन्छ । भिडन्त पछि बाह्र बोरको बन्दुक २ वटा, त्यसको टोटा ३१ वटा, अमेरिकन पेस्तोल १, पेस्तोल १, भरुवा बन्दुक ३ थान, ११०००।- (एघार हजार) भारतीय रुपैंया बरामद भएको छ ।

**मनोहर ज्ञवाली (शिक्षक, श्री बालविकास निम्न माध्यामिक विद्यालय, बहादुरपुर)**

शनिवार नुहाई धुवाई सकेर हामी तीन जना शिक्षकहरु होस्टेलको कोठामा चेस खेल्दै थियौं । दिनको १:३० बजे एक्कासी गोली चलेको आवाज आयो । सैनिकहरु हान-हान, ठोक ठोक भन्दै दौडिरहेका थिए । करिव आधा घण्टा पछि फायर स्टप भन्ने आवाज सुनियो । त्यसपछि फायर रोकियो । सैनिकहरुले माओवादी खोज्ने क्रममा होस्टेलमा पनि खानतलासी गरे । हामी त्यसबखत कोठामा चुकुल लगाएर बसेका थियौं । लात्ताले हानेर ढोकै फुटाउँला जस्तो गरेपछि मैले ढोका खोलें र हामी यसै विद्यालयका शिक्षक हौं भनें । एक जना सेनाले यस्तो लुगा लगाउने पनि शिक्षक हुन्छ ? साले तँ पनि माओवादी होस् भन्दै चउरमा निकाले । अनि हात माथि उठाएर उभिन भने । उनीहरुले हामीलाई जथाभावी गाली गर्दै हाम्रो शरीर छामे केही नभेटिएपछि गोजीमा केही नहुने पनि शिक्षक हुन्छन् ? भन्दै पसल भएको चौर तिर लगे । त्यहाँ स्थानीय चार युवा सहित हात ठाडो पारी घुँडा टेकाएर दुई घण्टासम्म राखे, त्यसपछि मेरो कोठामा खानतलासी गरे । त्यस बेलादेखि मेरो डिजिटल रेडियो-१, छाता-१, डटपेन-२ वटा अहिलेसम्म पनि फेला पार्न सकेको छैन । त्यसपछि हाम्रै स्कूलको कक्षा ४ मा पढ्ने एकजना बालकलाई ल्याई को को हो भनी सोधेपछि उसले यो मेरो मामा हो, यो दाई हो, यो सर हो र यो पनि सर हो भनी हातले पछाडि कुइनामा छुँदै भनेपछि मात्र हामीलाई छाडियो । त्यसबेलासम्म पाँच जनालाई गिरफ्तार गरी पछाडि हात बाँधी लगेका थिए र तल चौतारा छेउमा माओवादीका चार वटा लाश जम्मा गरी राखिएको थियो ।

स्थानीय जसबहादुर रानाको घर पछाडी स्थानीय यूवालाई खाल्टो खन्न लगाई चारैवटा लासलाई गाडियो । त्यतिबेला एक जना शिक्षकद्वारा लाश त्यहाँ नगाड्न अनुरोध गरियो । कहाँ गाड्ने भनेर सोधिएपछि अलिपरको खरबारी देखाइयो । तर त्यति टाढा कहाँ लान सकिन्छ, हुँदैन भन्दै उनीहरु त्यहीं गाडेर गए । बाँकी दुई वटा लाशलाई उनीहरुले त्यसै छाडे । त्यसरी मर्नेहरुमा ५ जना माओवादी रहेको र १ जना चारादेवी मा. वि. मा कक्षा ९ मा पढ्ने १९ वर्षीय मिलन रखाल हुन । उनको लाश पनि गाडिएको थिएन । उनलाई छाती र दाँया हातमा गरी दुई गोली लागेको थियो । मृतक माओवादीहरुको लाश कसैको खप्परको भाग नभएको, कसैको अनुहार क्षतविक्षत अवस्थामा रहेको थियो । हात खुट्टामा पनि गोली लागेको थियो ।

घटना सेनाद्वारा विना चेतावनी गाँउलाई तिन तिरबाट घेरा हाली गोली चलाइएको थियो । त्यसबेला त्यहाँ २ सय ५० देखि ३ सय जनासम्म सेना रहेका थिए । घटनामा ३ वर्षका १ जना बालक विपिन ढेगाको कोखामा गोली लागेको थियो । उसलाई तत्काल २००० (दुई हजार) भारतीय रुपैयाँ दिएर उपचार गर्न भनियो, भने अर्को ७ वर्षीय बालिका पुनम ढेगाको दाहिने कान र आँखाको बीचमा गोली लागेको थियो । उनलाई सेनाले नै साथमा लगेका थिए । सुदर्शन पौडेलका श्रीमान श्रीमती, कृष्णमायाको घरमा सुतिरहेको अवस्थामा पक्राउ परेका थिए भने अरुलाई कता कताबाट ल्याइयो भन्ने थाहा भएन । गिरफ्तार हुने अरुमा १२ वर्षीय अनुप विष्ट, ७६ वर्षीय नगेन्द्र भट्टराई र पदम रावल (परिवर्तन) भन्ने हुन । सुदर्शनलाई तँ को होस भन्दा तत्काल म जल्पाको शिक्षक हुँ भने पछि स्कूलको नाम सोधे । तर सुर्दशनले नाम भन्न नसकेपछि उनीलाई कुटपीट गरियो । पछि उनले आफू माओवादी भएको स्वीकार गरे, त्यति बेलै सुरक्षाफौजको वाकीटकीमा सिभिलियन पऱ्यो भन्ने आवाज सुनियो, त्यसपछि कमाण्डर जस्ता देखिनेले सुर्दशनलाई हप्काउँदै, गरीबलाई दुःख दिने यसरी तिमीहरुले गर्दा निर्दोष मारियो भन्यो । ती सुरक्षाकर्मी भ्रष्टको पछि लागे, त्यस्तालाई गर्ने कारवाहीमा म पनि तलाई सहयोग गर्छु भन्दै थिए । ती दुई बालक हुलाक अगाडिको टंकीको घरमा घाइते भएका थिए ।

यस ठाँउमा बिगत ४-५ दिनदेखि माओवादी बस्दै आएका थिए । ३०-३५ जना जति माओवादी रहेका थिए । घटनापछि आइतबार विद्यालय बन्द भयो भने सोमबार पनि स्कुल बन्द रह्यो । अहिले पनि बालमानस पटल त्रसित रहेको छ । केटाकेटी लाइन नलागौ, ढोका बन्द गरौ भन्दे त्रास व्यक्त गर्दछन् । आज छैटो दिनसम्म पनि यहाँको वातावरण त्रसित देखिन्छ । सबै विद्यार्थीहरु स्कूल आएका छैनन् । घटनाको क्रममा माओवादीबाट पहिलो फायरिङ्ग गरिएको हो भन्न सक्दिन किनकी उनीहरुसँग थोरै मान्छे थिए । त्यहाँ उपस्थित सम्पूर्ण राजनैतिक कार्यकर्ता मात्र भएको उनीहरुले बताएका थिए । माओवादीद्वारा त्यस ठाँउमा कुनै किसिमको कार्यक्रम गर्न लागे जस्तो देखिन्थ्यो । उनीहरुले केही खाद्यान्न समेत जम्मा गरेका थिए । खाद्यान्नमा सेनाले आगो लगाई नष्ट गरिदिए । चार बजेसम्ममा सेना फर्किसकेको थियो । सेना फर्केपछि हामी घटनामा मारिएका सर्वसाधारण मिलन रखालको लाश भएको ठाँउ तिर गयौं । उनको छाती र दाहिने हातमा पछाडिबाट गोली लागेको थियो । उनलाई सुरक्षाकर्मीले २०० मिटर पर केराको घारीबाट लुकेर गोली हानेको बुझियो । उनको ६ महिनाको १ छोरा र १७ वर्षीय श्रीमती छन् ।

### गोकुला रखाल (मृतक सर्वसाधरण मिलन रखालको श्रीमती)

हाम्रो बिहे भएको ७ महिना मात्र भएको थियो । हाम्रो ७ महिनाको छोरो छ । घटना भएको दिन बिहान म माइतबाट आएकी थिएँ । सासुले बारी जोत्न भनेपछि १० बजे तिर उहाँ जोत्न जानु भएको थियो । दिउँसो अकस्मात पानी परेपछि गोरु खोलेर उहाँ घरतिर  आउनु भयो । मैले नास्ता खान आउनुस् भनेँ । तर उहाँले म यहाँ खान्न पसलमा जान्छु मलाई पैसा देउ भन्नुभयो । मैले ५० रुपैयाँ दिएँ, बाबुलाई मेरो दूधले पुग्दैन एउटा बिस्कुट ल्याइ दिनु होला भने । त्यसपछि मैले मलाई आमाले भैंसी फुकाउन भन्नु भएको छ, म भैंसी फुकाउन जान्छु भनें ।

उहाँले दशैं पछि हामी पोखरा जानुपर्छ भन्नुभएको थियो । त्यसपछि म भैंसी र गोरु फुकाउन जाँदै गर्दा पछाडिबाट शाही सेना आएको थियो । उहाँ तल्लो बाटोबाट दोकानतिर जाँदै हुनुहुन्थ्यो । हामी छुट्टिएको ५ मिनेट पनि नबित्दै गोली चलेको आवाज सुनैं । गोली उहाँलाई लागेछ । त्यो कुरा थाहा पाएर त्यता तिर जान खोज्दा मलाई त्यहाँ जान दिइएन । सेनाको गोलीको पहिलो शिकार नै मेरो श्रीमान हुनुभयो । माओवादी नआएको भए सेना आउने थिएनन, सेनाले पनि नबुझी गोली चलायो ।

### मीनबहादुर रासकोटी (राना मगर)

हामी चार जना यहाँ बसेर होटेलबाट कुखुराको मासु खाँदै थियौं । उताबाट एक्कासी सेना आए र एक्कासी गोली चलाउन शुरु गरे । कुनै  चेतावनी नदिइ गोली  हाने । दुई जना त्यहाँ ढलेको देखें । हामी यता थियौं । माओवादीहरु माथि थिए । हामी उनीहरुसँग बस्ने बोल्ने केही गरेका थिएनौं । तर पनि हामी चार जनालाई भित्तामा हात ठाडो पारेर घुँडा टेकेर बस्न लगाई बुटले ढाडमा हानी चरम यातना दिइयो । हामी २५ वर्षीय दिलबहादुर ढेगी, २६ वर्षीय धनबहादुर ढेगा, ३० वर्षीय जयबहादुर रानाको पर्ससहित सम्पूर्ण शरीर खानतलासी गरियो । हामीलाई “साले, राडीको छोरा” जस्ता शब्द प्रयोग गरिएको थियो । त्यहाँ रहेका माओवादीसँग ५ राउण्ड पेस्तोल १ थान, भांच्दै हान्दै गर्ने बन्दुक एक थान, राइफाल २ थान देखेको थिएँ । सुरक्षाकर्मीले नै पहिले गोली चलाएका हुन । माओवादीले होइन ।

### अनन्त (माओवादी पाल्पाका प्रशासन प्रमुख)

हाम्रो युद्धविराम भएको हुँदा माथिबाट गोली चलाउने आदेश थिएन । त्यसो हुँदा गोली चलाउन मिलेन । एटम, ज्वाला र म पार्टीका जिम्मेवार व्यक्ति हुँ । त्यस ठाउँमा हाम्रो चार जिल्लाका संगठित कार्यकर्ताको स्थायी शान्तिका लागि युद्धविराम बिषयमा छलफल गर्ने भेला थियो । त्यसै मुताविक हाम्रो पक्षबाट कुनै पनि हालतमा युद्धविराम भंग नगर्न कार्यकर्तालाई निर्देशन दिने भेलाको मुख्य लक्ष्य रहेको थियो । त्यसै क्रममा कोही आउदै थियौं । कोही पुगिसकेका थियौं । हामी त्यस ठाउँमा निःश्स्त्र भेला भएका थियौं । कोही साथीहरु खानाको तयारीमा जुटेका थिए भने कोही रमाइलोमा व्यस्त थियौं । त्यसै बेला अकस्मात सेनाबाट सी आकारमा गाउँलाई घेरा हालिसकिएको रहेछ । हामीलाई हाम्रै साथीहरु पो आउदै छन् भन्ने लागेको थियो । तर एक्कासी अन्धाधुन्ध गोली बर्सन थाल्यो । बाटोमा हिंडेका बाटोमै रहे । जो जहाँ थिए त्यहाँ नै रहने अवस्था थियो । पहिलो फायरिङ नै सर्वसाधारण हर्के भनेर चिनिने मिलन रखाललाई लाग्न पुग्यो । उनको घटनास्थलमै मृत्यु भयो । अविरल भनेर चिनिने रामप्रसाद घिमिरे (५६) लाई पहिलो गोली

गोडामा र दोश्रो गोली  आँखामा लाग्यो । सोही ठाउँमा तत्कालै उनको मृत्यु भयो । उनलाई पहिले पक्राउ गरिएको थियो । अन्दाजी २० वर्षको अर्जुन भनेर चिनिने युवकलाई  गारोबाट गोली हान्न शुरु गरी मारियो । कृष्णमायाको घरको आँगनमा रहेको बार पछाडी लुकेर बसेका अर्का एक जनालाई पनि सोही ठाउँमा मारियो ।

अन्तमा नेकपा (माओवादी) पाल्पा जिल्ला सचिव विलय भनेर चिनिने ३७ वर्षीय देविबहादुर पुनलाई दौडदै गर्दा चार सय मिटर परबाट एक गोली गोडामा र दुई गोली टाउकामा हानी छिया छिया पारी मारिएको थियो । उनीसँगबाट झोला र नगद  बरामद गरिएको छ ।

सोही क्रममा पाँच जनालाई गिरफ्तार गरिएको छ । पक्राउ पर्नेमा चितवन घर भएका ३७ वर्षीय सुर्दशन पौडेल (प्रज्वल), उनकी पत्नी ३६ वर्षीय शारदा पौडेल, पदम राउत (परिवर्तन), ७६ वर्षीय नगेन्द्र भट्टराई, र त्रिभुवन मावि अर्घेलीमा कक्षा ६ मा पढने १२ वर्षीय अनुप विष्ट रहेका छन् ।

**पीडित सर्वसाधारण खड्क रखाल (मृतकका काका)**

हर्के शनिबार भएकोले बारीमा जोत्न गएको थियो । दिउँसो पानी पर्न थालेपछि उ श्रीमतीसँग पचास रुपैंया मागी पसल जाँदै थियो । बाटोमाथि गोठको छेउमा रहेको केरा घारीमा सेना लुकेर बसेको रहेछ । करिब ५० मिटर टाढाबाट उसलाई गोली हानियो । एउटा गोली हात र अर्को छातीमा लागी उसको घटना स्थलमा नै मृत्यु भयो । उसको मृत्यु भएको ठाउँलाई वार्ड नं ९ ठेकेदार टोल भनिन्छ ।

**पीडित सर्वसाधारण सि.वी थापा (मृतकका हजुरबुबा)**

हाम्रो गाउँमा २-३ दिनदेखि माओवादी बसेका थिए । उनीहरुको कार्यक्रम छ भन्ने सुनेको थिएँ । असोज ८ गते दिउँसो करिब १:३० बजे एक्कासी गोली चलेको आवाज आयो । हान-हान, ठोक-ठोक भनेको सुनिन्थ्यो । करिब डेढ घण्टासम्म त्यहाँ एकोहोरो फायरिङ्ग चलेको थियो । घटनास्थलमा अन्दाजी ४०-५० जना सेनाहरु थिए । अन्त कति थिए थाहा भएन । त्यहाँ आउनेहरु केही सादा पोशाकमा थिए भने केही वर्दीमा थिए । म गोकुला रखालको माइतको हजुरबुबा हुँ । मृतकको घरको हजुरबुबा र पत्नी गोकुल कृया बसेका छन् । सरकारी सेनाले नियमअनुसार जनताको सेवा गर्नुपर्नेमा उल्टो दु:ख दिए । उनीहरुले उचित क्षतिपूर्ति र आफ्ना निष्पक्ष भनाई राख्न पाउनु पर्ने माग राखेका छन् ।

## पत्रकार महासंघ पाल्पाका सचिव (भगवान भण्डारी) स्थलगत भ्रमणपछिको उनको भनाइ

यो दोहोरो भिडन्त नभई एकोहोरो आक्रमण नै हो । यस घटनामा पाँच जना माओवादी र एक जना सर्वसाधारणको मृत्यु भएको छ । घटनामा वुटवल, पाल्पा र नवलपरासीका संयुक्त सुरक्षाफौज परिचालन गरिएको देखिन्छ । त्यस ठाउँमा माओवादीको दशैं मनाउने कार्यक्रम अनुसार ट्रकमा पुऱ्याइएको खाद्यान्न राखिएको रहेछ । त्यसरी जम्मा गरिएको खाधान्नमा सेनाले आगो लगाइ नष्ट गरिदियो । ५ लाख रुपैंया पनि बरामद गरेको बुझिएको छ । यस घटनाबाट राज्यले युद्धविराम नगर्ने संकेत देखा परेको छ । त्यहाँ माओवादीका ३ जिल्लाका कार्यकर्ताको संयुक्त वैठक रहेको बुझिएको छ । त्यस ठाउँमा कतैबाट पनि आक्रमण नहुने शंका गरिएको थियो । तर एक्कासी गाउँ प्रवेश गरेको सेनाले विना चेतावनी अन्धाधुन्ध गोली चलाएको देखिन्छ । माओवादी आफैले युद्धविराम भङ्ग गरुन भन्ने चाहनाका साथ त्यसरी आक्रमण गरिएको आशंका गर्न सकिन्छ । त्यसरी मारिने निशस्त्र माओवादीहरुमा प्राय: जिल्ला स्तरीय नेताहरु रहेका छन् । त्यसैले त्यो घटनालाई दोहोरो भिडन्त हो भनी शंका समेत गर्न सकिदैन ।

## राजेश अर्याल (मदन पोखरा,पाल्पा ) पत्रकार

दुवै पक्षको भनाइलाई केलाएर हेर्दा र स्थानीयबासीको कुरा सुन्दा त्यस ठाउँमा माओवादीको प्रशिक्षण कार्यक्रम रहेको बुझिन्छ । केही माओवादीहरु ४-५ दिनदेखि त्यहाँ वस्दै आएका थिए । प्रशिक्षण कार्यक्रमको व्यवस्थापनका निम्ति केही कार्यकर्ता त्यहीं रहेका थिए । अरु आइसकेका थिएनन् । दिउँसो करिब १:३० बजे

त्यस क्षेत्रलाई सेनाले घेरा हालिसकेको रहेछ र त्यहाँ बसेका मानिसहरुमाथि गोली चलाउन शुरु गरी हाले । तत्काल दोकान टोलमा केही माओवादीको मृत्यु भयो भने उता एक जना सर्वसाधारणको मृत्यु भइसकेको रहेछ । त्यस बेला सेनाको नेतृत्वद्वारा युवा र कुर्था शुरुवाल लगाउनेलाई नछोड भन्ने आदेश सुनिन्थ्यो । त्यसैले जो कोही पनि पर्न सक्ने आशंका गर्न सकिन्छ । त्यसरी अन्धाधुन्ध गोली चलिरहेको बेला नजिकै टंकीमा दुई जना बालिका लुकेका रहेछन् । त्यस टंकीको टिनको बार छेडी गोलीले तिनीहरुलाई घाइते बनायो । त्यसपछि सेनाद्वारा गाउँ खानतलास गर्ने क्रममा गाउँलेलाई अपशब्द प्रयोग गरिएको थियो । कृष्णमाया बाह्रघरेको घरका भित्ता र छानामा प्रशस्त गोलीले पारेका प्वालहरु देख्न सकिन्छ । यही घरको तल्लाबाट पूर्व न्यायाधीश सुदर्शन पौडेल (प्रज्वल) र शारदा पौडेललाई पक्राउ गरिएको बुझिन्छ । यदि सेनाले गोली नचलाई पक्रन खोजेको भए ३० देखि ४० जनासम्म पक्राउ पर्ने सम्भावना रहेको थियो । त्यसै क्रममा स्कूलका शिक्षकलाई समेत यातना दिइएको थियो । त्यसबेला माओवादीहरु क्यारम वोर्ड खेल्ने तयारीमा थिए । उनीहरुले त्यस गाउँमा कार्यक्रम अवधिका लागि चार वटा मेसको समेत तयारी गरेका थिए ।

**रामप्रसाद न्यौपाने (पत्रकार)**

स्थानीयबासीका अनुसार बाटोमा बसिरहेका माओवादीमाथि सेनाले एक्कासी आक्रमण गरेको थियो । उनीहरुका अनुसार सेनाले चेतावनी विना नै आक्रमण गरेको थियो । चेतावनी दिइएको भए सर्वसाधारणको क्षति हुने थिएन भन्ने धारणा स्थानीयवासी व्यक्त गर्दछन् । माओवादीहरुका अनुसार उक्त घटनामा माओवादीका जिल्ला स्तरीय कार्यकर्ता पक्राउ परेका छन् ।

## निष्कर्ष र सुझाव

- घटनास्थलको अवस्था हेर्दा र बुझ्दा त्यहाँ कुनै किसिमको दोहोरो भिडन्त भएको देखिएन ।
- घटनास्थलमा जथाभावी गरिएको बल प्रयोगका कारण एक सर्वसाधारणको मृत्यु हुनुका साथै दुई जना बालक घाइते भएका छन् ।
- माओवादीलाई नियन्त्रणमा लिन सकिने अवस्था हुँदा हुँदै त्यसो नगरी गोली प्रहार गरिएको पाइयो ।
- स्थानीय विद्यालयको वरिपरी तथा सर्वसाधारणको घरको बलेसीमा मारिएका हरुलाई गाडिएको पाइयो ।
- मृतक सर्वसाधारण मिलन रखालका परिवारलाई राज्यले तत्काल क्षतिपूर्तिको व्यवस्था गर्नु जरुरी छ ।
- माओवादीले गरेको एकतर्फी युद्धविरामलाई कायम राख्न देशभर दबाब भइरहेको अवस्थामा राज्य र शाही नेपाली सेना यस्तो जनभावनाप्रति संवेदनशीलन हुन आवश्यक देखिन्छ ।

**अध्ययन टोलीमा संलग्न भएका व्यक्ति तथा संस्थाहरु**

- मदन पौडेल इन्सेक केन्द्रीय कार्यालय,काठमाडौं
- माधव लोहनी- सिविन काठमाडौं
- गोपाल श्रेष्ठ- हिमराइट्स,लाइफलाइन
- बुद्धि सापकोटा- कोक्याप
- कृष्णप्रसाद बस्याल- इन्सेक प्रतिनिधि,पाल्पा
- बलभद्र खनाल-सिभिक्ट पाल्पा
- राजेन्द्रप्रसाद बस्याल-रिलेक नेपाल,पाल्पा